# प्रेस विज्ञप्ति- २७९

# Press Release- 279

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ।
मिति: २०७७।०३।०७ गते।

## लागू औषध अफिम सहित ३ जना मानिस पक्राउ।

विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय वीरगंज पर्साबाट खटिएको प्रहरी टोलीले मिति २०७७।०३।०६ गते ११:३० बजेको समयमा जिल्ला महोत्तरी बर्दिवास नगरपालिका वडा नं. १ स्थित रातु खोलाको पुल र कलश पेट्रोल पम्प नजिक पुर्व पश्चिम लोकमार्ग सडक खण्ड नजिकैबाट जिल्ला धादिङ, बेनिघाट रोराङ्ग गा.पा.वडा नं.१ बस्ने बर्ष ३८ को दुर्गा बहादुर तामाङ, ऐ.ऐ. बस्ने बर्ष ४५ को बिर बहादुर तामाङ र जिल्ला सिरहा, नराहा गा.पा. वडा नं. ३ बस्ने बर्ष ३७ को धनपैत यादव समेत ३ जनालाई **लागू औषध अफिम १ के.जि. ९७५ ग्राम** र ना.४० प ६१५७ नम्बरको रातो कालो रंगको १५० सि.सि.को पल्सर मोटरसाईकल सहित पक्राउ गरी निजहरुलाई ईलाका प्रहरी कार्यालय बर्दिवास महोत्तरीमा बुझाईएको छ।

निजहरु उपर ईलाका प्रहरी कार्यालय बर्दिवास महोत्तरीबाट लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध।



Contact no.: 014601048, email: ncbnepal@gmail.com Web: https://ncb.nepalpolice.gov.np/, https://www.facebook.com/ncb.nepol